"सुरक्षित भविष्यको लागि सञ्चय कोषको व्यवस्था गरौं ।"

# सञ्चय कोष

ई-न्यूजलेटर : कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन । वर्ष ८ । अंक ३२ । २०७७ श्रावण - पौष ।

## कोषको ५९ औं वार्षिकोत्सव सम्पन्न




कोषले आफ्नो ५९ औं वार्षिकोत्सव भाद्र ३१ गते मनाएको छ । कोरोना कहरका कारण यस पटकको कार्यक्रम भर्चुअलरूपमा पुल्चोकस्थित आफ्नै कार्यालयको तालिम हलमा सञ्चालक समितिका अध्यक्ष रामशरण पुडासैनीको प्रमुख आतिथ्यतामा भएको थियो ।

कार्यक्रममा कोषका गतिविधि, भावी योजना तथा कार्यक्रमबारे प्रशासक तुलसीप्रसाद गौतमले प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रम सञ्चालन सह-प्रशासक जितेन्द्र धितालले गर्नु भएको थियो । कार्यक्रममा अध्यक्ष पुडासैनीबाट कोष पत्रिकाको विमोचन गरिएको थियो ।

५९ औं वार्षिकोत्सवको अवसर पारेर अध्यक्ष पुडासैनीले डाटा सेन्टरको उद्घाटन गर्नुभयो । कोषले डिजिटल परिचयपत्रको सुरूवात पनि गरेको छ । त्यसैगरी सञ्चयकर्ता स्वास्थ्योपचार योजनाको अनलाइन आवेदन दर्ता प्रारम्भ पनि गरिएको छ । सोही कार्यक्रममा २०७६ सालको एसईई परीक्षामा उत्तीर्ण हुने कोषमा कार्यरत कर्मचारीहरूका छोराछोरीलाई शैक्षिक पुरस्कार घोषणा गरिएको थियो ।

भर्चुअल कविता प्रतियोगितामा प्रथम, दोस्रो र तेश्रो स्थान हासिल गर्ने कर्मचारीलाई पुरस्कार घोषणा समेत गरिएको थियो । अन्त्यमा प्रमुख अतिथिको सम्बोधन पश्चात् कार्यक्रम समापन गरिएको थियो ।

कार्यक्रममा सञ्चालक समितिका सदस्यहरू, कोषका प्रशासक, सह-प्रशासक, र सीमित संख्यामा कोषका कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो ।

- **दीर्घसेवा पदक वितरण**

वार्षिकोत्सवको उपलक्ष्यमा असोज १३ गते दीर्घसेवा पदक वितरण भयो । सोही कार्यक्रममा कोषका प्रशासक तुलसी प्रसाद गौतमले १५ वर्ष सेवा अवधि पुगेका ३ र २५ वर्ष सेवा अवधि पुगेका ३० जना कर्मचारीलाई पदक वितरण गर्नु भएको थियो ।




## अत्याधुनिक डाटा सेन्टर सञ्चालनमा



कोषले अत्याधुनिक र व्यवस्थित डाटा सेन्टरको स्थापना गरेको छ । डाटा सेन्टरमा मिट-मि-रूम, इलेक्ट्रिकल रूम, सर्भर इनफ्रास्ट्रक्चर रूम, इन्टिग्रेटेड मडुलर डाटा सेन्टर, बस बार ट्रङ्किङ्ग फर पावर डिष्ट्रिब्युसन, इन्टेलिजेन्ट कन्ट्रोल एण्ड मोनिटरिङ्ग, नेटवर्क अपरेसन कन्ट्रोल, जेनेरेटर रूमको व्यवस्था गरिएको छ ।

विस्तृत पृष्ठ ३ मा ।

## CGAS मा कोष आबद्ध



सञ्चय कोष कट्टी गर्ने संघीय तथा प्रदेश सरकारका कार्यालयहरूले कर्मचारी सञ्चय कोषमा पठाउनुपर्ने फाँटवारीहरू २०७७ पौष महिनाबाट एकीकृत प्रणाली मार्फत कर्मचारी सञ्चयकोषमा सोझै पठाउन सकिने गरी व्यवस्था भएको छ । विस्तृत पृष्ठ ३ मा ।

## सञ्चयकर्ता विद्युतीय परिचयपत्र जारी




कोषले सञ्चयकर्ता के.वाई.सी. विवरणमा आधारित तथा क्यू. आर. कोड अंकित विद्युतीय परिचयपत्र वितरण शुरू गरेको छ ।

विस्तृत पृष्ठ ३ मा ।

# कोषको कार्यसम्पादन स्तर 'अति उत्तम'



कोषका प्रशासक तुलसी प्रसाद गौतमको आ.व. कार्यसम्पादनस्तर अति उत्तम रहेको कुरा अर्थमन्त्रालयले जनाएको छ ।

अर्थ मन्त्रालयको पत्र संख्या वि.क्षे. ब्य. २०७७/०७८ च. नं. २४६ मिति २०७७ असौज १८ को प्राप्त पत्रानुसार आर्थिक वर्ष २०७६/७७ मा सम्पादित कार्यहरूको नेपाल सरकारबाट भएको मूल्याङ्कनमा कोषका प्रशासक तुलसी प्रसाद गौतमको कार्यसम्पादनस्तर अति उत्तम (पुरस्कार योग्य) रहेको जनाइएको छ । यसरी कोषलाई मुलुकको एक उत्कृष्ट सेवा प्रदायक संस्थाको रूपमा स्थापित गराउने अभियानमा कोषमा कार्यरत सम्पूर्ण कर्मचारीको योगदानको उच्च मूल्याङ्कन गर्दै कोषले धन्यवाद ज्ञापन गरेको छ । साथै कोषको कार्यलाई सफलतापूर्वक अगाडि बढाउन समन्वय र सहजीकरण गर्ने नेपाल सरकार अर्थ मन्त्रालय, उपयुक्त निर्णय गर्दै अनुकूल वातावरण तयार गरिदिने कोष सञ्चालक समिति एवं अन्य सरोकारवालाहरूप्रति समेत कोषले हार्दिक आभार व्यक्त गरेको छ ।

# अनलाईन कारोबारमा सञ्चयकर्ताको आकर्षण



कोषले सुरूआत गरेका विभिन्न अनलाइन सुविधाको उपयोग गर्ने सञ्चयकर्ताको संख्या उल्लेखनीय रूपमा वृद्धि भएको छ ।

कोषले सेवा प्रवाहलाई सरल र सहजरूपमा वितरण गर्ने उद्देश्यले अनलाइन कारोबारलाई प्राथमिकतामा राखेर अगि बढिरहेको छ । कोषले अनलाईनमा आधारित विशेष सापटी तथा अनलाईनमार्फत नै कोषको सापटी फिर्ता सेवालाई प्रथमिकताका साथ अघि बढाएकोमा आ.व. २०७७।७८ को पौष मसान्त सम्ममा सो प्रणाली मार्फत कोषको कुल कारोबारमध्ये क्रमशः करिव ४८ प्रतिशत सापटी प्राप्त र ४० प्रतिशत सापटी फिर्ता गर्ने कार्य भएको छ ।

साथै, कोषले सञ्चयकर्ताको जानकारीको लागि 'विशेष सापटी भुक्तानी म्यानुवल, २०७७' र अनलाईन मार्फत 'कोष सापटी फिर्ता भुक्तानी म्यानुवल, २०७७' प्रकाशन गरी अनलाईन विशेष सापटी, अनलाईन सापटी फिर्ता भुक्तानीमा जोड दिएको छ ।

# सञ्चयकर्ता सेवा प्रवर्धन महाशाखा स्थानान्तरण

कोभिड-१९ ले विश्व, नेपाल र कोषमा पारेको प्रभावलाई मध्येनजर गर्दै कोषले सञ्चयकर्ता सेवा विभाग अन्तर्गत रहेको सञ्चयकर्ता सेवा प्रवर्धन महाशाखालाई कोषको लगनखेलस्थित भवनमा स्थानान्तरण गरी २०७७ कार्तिक महिनादेखि क्रमशः के.वाई.सी. अपडेटका साथै सञ्चयकर्ता सूचीकरणसँग सम्बन्धित सम्पूर्ण सेवा प्रदान गर्ने गरिएको छ ।



# अत्याधुनिक डाटा सेन्टर सञ्चालनमा




कोषले पुल्चोकस्थित कोषको केन्द्रीय कार्यालयमा व्यवस्थित डाटा सेन्टरको स्थापना गरेको छ । पहिलेदेखि चलिरहेको डाटा सेन्टर परम्परागत भएकोले त्यसलाई प्रतिस्थापन गरी आधुनिक डाटा सेन्टरको स्थापना गरिएको हो ।

निरन्तर पावरको लागि आवश्यक कुलिङ्ग, मुसाबाट बचावट तथा पानी नचुहिने एवं पावर कुलिङ्गको व्यवस्था जस्ता सुविधा पुरानो डाटा सेन्टरमा नभएकोले अहिले स्थापित डाटा सेन्टरले ती समस्या समाधान गर्ने विश्वास लिइएको छ ।

अत्याधुनिक डाटा सेन्टरमा मिट–मि–रूम, इलेक्ट्रिकल रूम, सर्भर इनफ्रास्ट्रक्चर रूम, इन्टिग्रेटेड मडुलर डाटा सेन्टर, बस बार ट्र्ङकिङ्ग फर पावर डिष्ट्रिब्युसन, इन्टेलिजेन्ट कन्ट्रोल एण्ड मोनिटरिङ्ग, नेटवर्क अपरेसन कन्ट्रोल, जेनेरेटर रूमको व्यवस्था गरिएको छ ।

फायर सप्रेशन युनिट, ड्याम्प डिटेक्सन र रोडेन्ट रिप्लेन्ट, ह्युमिडिटी कन्ट्रोल जस्ता सुविधा डाटा सेन्टरमा विद्यमान रहेका छन् । आवश्यक संख्यामा ऱ्याक थप्न निकाल्न पाइने व्यवस्था समेत रहेको छ । यससँगै पावरका लागि २ वटा यूपियस को व्यवस्थाले सो डाटा सेन्टरलाई अत्याधुनिक बनाइदिएको छ ।

# CGAS मा कोष आबद्ध



कोष विद्युतीय सरकारी लेखा प्रणालीमा आबद्ध भएको छ । यससँगै सञ्चय कोष कट्टी गर्ने संघीय तथा प्रदेश सरकारका कार्यालयहरूले कर्मचारी सञ्चय कोषमा पठाउनुपर्ने फाँटवारीहरू २०७७ पौष महिनाबाट एकीकृत प्रणाली मार्फत कर्मचारी सञ्चयकोषमा सोझै पठाउन सकिने गरी व्यवस्था भएको छ ।

अबदेखि CGAS मा तलवी विवरण तयार गर्दा २०७७ पौष महिनादेखि मात्र एकीकृत प्रणालीमार्फत कर्मचारी सञ्चय कोषमा सोझै फाँटवारी पठाउन सकिने व्यवस्था गरिएको छ । पौषभन्दा अघिका फाँटवारी एकीकृत प्रणाली मार्फत पठाउन सकिने व्यवस्था छैन् । यसको लागि कार्यालयहरूले विगतमा झै म्यानुवल्ली, एक्सेल, वेवमार्फत् पठाउनुपर्ने छ ।

२०७७ पौष महिनादेखि स्थायी कर्मचारीहरूको तलवी विवरण तयार गर्दा नै अनिवार्य रूपमा कर्मचारी सञ्चय कोष नम्बर Entry गरेर मात्र तलब विवरण बनाउनुपर्ने हुन्छ । कर्मचारी सञ्चय कोष नम्वर Entry नगरेको स्थायी कर्मचारीको तलबी विवरण तयार गर्न सकिदैन । अस्थायी र ज्यालादारी कर्मचारीहरू तथा पदाधिकारीहरूको हकमा भने कर्मचारी सञ्चय कोष नम्वर Entry गर्नुपर्ने हुँदैन। यदि कर्मचारीहरूको कर्मचारी सञ्चय कोष कट्टी हुने रहेछ भने कर्मचारी सञ्चय कोष नम्बर Entry अनिवार्य रूपमा गर्नुपर्ने हुन्छ ।

नयाँ Entry गर्ने कर्मचारी सञ्चय कोष नम्वर अथवा यस अघि नै Entry गरिएका दुवै प्रकारका कर्मचारी सञ्चय कोष नम्बरहरूलाई CGAS मा एक पटक कर्मचारी अभिलेख प्रविष्टीमा गई कर्मचारी सञ्चय कोष नम्बरको चेक गर्नुहोस भन्ने Button मा Click गरी पुनःकर्मचारी सञ्चय कोष नम्बर Verify गर्नुपर्नेछ । यसरी Verify नगरेसम्म तलबी विवरण तयार गर्न सकिने छैन ।

कर्मचारी सञ्चय कोष परिचयपत्र नम्वर Entry वा Verify गर्दा कुनै समस्या भएमा समाधानको लागि कर्मचारी सञ्चय कोषमा Quick Response Team को समेत गठन भएको छ ।

# विद्युतीय परिचयपत्रको सुरुवात

कोषले सञ्चयकर्ता के.वाई.सी. विवरणमा आधारित तथा क्यू. आर. कोड अंकित विद्युतीय परिचयपत्र वितरण शुरू गरेको छ । पौष मसान्तसम्म ६५२ जना सञ्चयकर्ताले यस प्रकारको परिचय पत्र बनाइसकेका छन् । हाल काठमाण्डौ उपत्यकाको हकमा कोषको लगनखेलस्थित भवनबाट सो सेवा प्रदान गरिएको छ ।


# कल सेन्टरमा थप सुधार




सञ्चयकर्ताको जिज्ञाशाको समाधानका लागि कोषले कल सेन्टर सञ्चालनमा ल्याएको छ ।

कोषले प्रदान गरिआएको सेवा सुविधाको सम्बन्धमा सञ्चयकर्ताको जिज्ञासा तथा गुनासो व्यवस्थापन गर्न सञ्चयकर्ता सेवा विभाग अन्तर्गत सञ्चालनमा रहेको कल सेन्टरलाई थप सूचना प्रविधिमा आधारित तुल्याउदै २०७७ पौष महिनादेखि हप्ताको सातै दिन बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म सेवा प्रदान गरिदै आएको छ ।

# ४ लाख ५० हजार बढी सञ्चयकर्ताको केवाइसी अद्यावधिक




आर्थिक वर्ष २०७७/०७८ को पौष मसान्तसम्म ८४ हजार बढी सञ्चयकर्ताको KYC अद्यावधिक कार्य सम्पन्न भएको छ । यससँगै हालसम्म ४ लाख ५० हजार भन्दा बढी सञ्चयकर्ताले आफ्नो केवाइसी अपडेट गरिसकेका छन् । त्यसैगरी कुल अफिस केवाइसीको संख्या ६६८८ रहेको छ ।

कोषले प्रदान गर्ने सबै सुविधाको उपभोगको लागि KYC अनिवार्य गरे सँगै KYC अद्यावधिक गर्ने सञ्चयकर्ताको संख्या उल्लेखनीय रुपमा वृद्धि भएको हो । सरकारद्वारा प्रयोगमा ल्याइएको नागरिक एपमा समेत कोषमा जम्मा भएको रकम र तिर्नु पर्ने ऋण हेर्नको लागि पनि KYC नम्बर अनिवार्य गरिएको छ ।

KYC अद्यावधिक कार्यले खासगरी कोरोना संक्रमणको समयमा कोषबाट प्रदान गरिने सापटी लगायतका सेवाहरु अनलाइनबाट प्राप्त गर्नका लागि ठूलो योगदान पुगेको छ ।

# सञ्चालकमा शाही नियुक्त



कोषको सञ्चालक समितिको सदस्यमा प्रहरी अतिरिक्त महानिरीक्षक निरज बहादुर शाही नियुक्त हुनु भएको छ । नेपाल सरकार (माननीय अर्थमन्त्रीस्तरको) मिति २०७७ मंसिर २५ गतेको निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उफदफा (२) को खण्ड (ख) बमोजिम नेपाल प्रहरीको तर्फबाट शाहीलाई कोषको सञ्चालक समितिको सदस्य पदमा मनोनयन गरिएको हो ।

# निवृत्तभरणमा २० हजार कर्मचारी आबद्ध




कोषमा हालसम्म २० हजार जना कर्मचारीको योगदानमा आधारित निवृत्तभरण रकम जम्मा भएको छ । नेपाल सरकारबाट कोष सञ्चालनको जिम्मेबारी पाएसँगै गत आर्थिक वर्षबाट रकम जम्मा हुन शुरू गरेको थियो । हालसम्म ६१९.वटा कार्यालयबाट योगदान रकम प्राप्त भएको छ भने रू. २७ करोड भन्दा बढी रकम संकलन भैसकेको छ ।

# सञ्चालकमा भण्डारी नियुक्त



कोषको सञ्चालक समितिको सदस्यमा सहायक रथी गणेश सिंह भण्डारी नियुक्त हुनु भएको छ । नेपाल सरकार माननीय अर्थमन्त्रीस्तरको मिति २०७७ मंसिर २३ गतेको निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को ख बमोजिम नेपाली सेनाको तर्फबाट प्रतिनिधित्व हुने गरी सहायक रथी गणेश सिंह भण्डारीलाई सञ्चालक समितिको सदस्यमा मनोनय गरिएको हो ।

# जिम्मेवारी हेरफेर



कोषका केही मुख्य प्रबन्धकहरूको जिम्मेवारी हेरफेर गरिएको छ । कोषको मिति २०७७ असौज २५ को निर्णयानुसार मिति २०७७ असौज २६ देखि लागू हुने गरी आर्थिक प्रशासन विभागमा मुख्य प्रबन्धक जीवन कुमार कट्वाल, मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभागमा विजय कुमार श्रेष्ठ, निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा विभागमा ध्रुव प्रसाद अधिकारी, कोष व्यवस्थापन विभागमा का.मु. मुख्य प्रबन्धक दिनेश कुमार के.सी. र सञ्चयकर्ता सेवा विभागमा का.मु. मुख्य प्रबन्धक ठाकुरजङ्ग थापा रहनु भएको छ ।

# ९२ कर्मचारी कोरोना संक्रमणमुक्त



कोषका हालसम्म कोरोना सङ्क्रमित हुनु भएका ९२ जना कर्मचारीहरू संक्रमणमुक्त हुनुभएको छ ।

कोषका विभिन्न विभाग, शाखा कार्यालय र सेवाकेन्द्रमा सेवा प्रवाहमा खटिनु भएको कर्मचारी सङ्क्रमित हुनु भएको थियो । सङ्क्रमित कर्मचारी मध्ये १८ जनाले बिमावापतको रकम दावी गरी प्राप्त गरिसक्नु भएको छ ।

कोषले विभिन्न समयमा कार्यरत कर्मचारीको पिसिआर टेष्ट कार्यक्रम पनि गरेको थियो ।

# तालिममा सहभागिता



कोषले आ.व. २०७७/०७८ को पौष मसान्तसम्म १५१ जना कर्मचारीलाई विभिन्न प्रकारका तालिम प्रदान गरेको छ ।

तालीम प्राप्त गर्नेमा सहायकस्तरका २८ जना र अधिकृतस्तरका १२३ जना कर्मचारी रहेका छन् । कोरोना महामारीको कारण प्राय:जसो तालिम कार्यक्रम भर्चुअल रूपमा सम्पन्न गरिएको थियो ।

## शाखा कार्यालय कोहलपुर

# निर्माण कार्य तिव्र



कोषको शाखा कार्यालय कोहलपुरस्थित जग्गामा कार्यालय भवन, आवास तथा गेष्ट हाउस, गार्ड हाउस, विद्युतीय कोठा, क्यन्टिन, पार्किङ्ग सेड लगायत निर्माण गर्नको लागि निर्माण व्यवसायी श्री Thodung/HTC/Basana J.V. Birendranagar Surkhet र कोषबीच २०७७ असार १६ गते संझौता भई २०७७ श्रावण १ गते देखि लागू हुने गरी कार्यादेश दिए बमोजिम निर्माण व्यवसायीवाट तीनवटै भवनहरूको Plinth Level सम्मको काम सकिएको, Retaining Wall लगाउने काम सकिएको तथा कार्यालय भवनको पहिलो तलाको ढलान मिति २०७७ मंसिर २९ मा सम्पन्न भएको र Earth Filling लगायत अन्य निर्माण कार्य जारी रहेको छ ।

शाखा कार्यालय हेटौडा

# अन्तरक्रिया कार्यक्रम

शाखा कार्यालय हेटौडाले मिति २०७७ कार्तिक २३ र २४ गते श्री जनता मा.वि.उमजन, श्री मणी उच्च मा.वि.थरस्कौल र श्री नेपाल राष्ट्रिय नमुना मा.वि. सपही बारा जिल्लामा विभिन्न विद्यालयहरूलाई आमन्त्रण गरी सम्बन्धित स्थानमा Office kyc, online special loan , web entry र Web posting सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्‍यो । त्यसैगरी मिति २०७७ मंसिर ३ मा गरूडा नगरपालिका र गढीमाई नगरपालिका रौतहट जिल्लामा विभिन्न कार्यालयहरूलाई आमन्त्रण गरी संयुक्त रूपमा कोषका विद्युतीय कारोबारसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

# भवन निर्माण प्रक्रिया

कर्मचारी सञ्चय कोष शाखा कार्यालय हेटौडाको नयाँ भवनको लागि मिति २०७७ मंसिर २६ गते नक्सा पासको लागि हेटौडा उपमहानगरपालिका कार्यालयमा निवेदन दर्ता गराई प्रक्रिया अघि बढाईएको छ । हेटौडा शाखाको नयाँ बन्ने भवनको लागि जमीनमा रहेका रूखहरू कटान गरी साइट क्लियर गर्न वन कार्यालयको जाँचबुझ समितिको मिति २०७७ पौष ८ गते बैठक बसी कटान सिफारिस गरिएकोमा मिति २०७७ माघ ५ को डिभिजन वन कार्यालय मकवानपुरको पत्रानुसार कटान आदेश समेत प्राप्त भैसकेको र तत्पश्चात रूखहरू कटान गरी लिलामी गर्ने प्रक्रियामा रहेको छ ।



त्यसैगरी कोषको हेटौडा स्थित कि.नं. २०९० को क्षेत्रफल ०-७-१०-० हुनपर्नेमा ०-७-०-० मात्र भोग चलन भईरहेको मिति २०७७/१०/०८ मा हेटौडा नापी कार्यालयबाट नाँप जाँच गरी स्वीकृत नक्सा तथा लालपूर्जा बमोजिम भएको क्षेत्रफल कायम गरी चार किल्ला छुट्टाउने काम सम्पन्न गरिएको छ ।

शाखा कार्यालय सुर्खेत

## भवन निर्माण

कोषको सुर्खेत स्थित जग्गामा शाखा कार्यालय भवन, आवास गृह र गार्ड हाउस निर्माणको लागि निर्माण व्यवसायी श्री Sunlight र Y.S.S. J.V. वीरेन्द्रनगर ६, सुर्खेत र कोषबीच २०७७ असार १६ गते संझौता भई २०७७ साउन १ गते देखि सुरु हुने गरी निर्माण भईरहेको भवनहरू मध्ये कार्यालय भवनको भुइ तला स्ल्याव ढलान भैसकेको र हाल प्रथम तलाको स्ल्याव ढलानको लागि कार्य अन्तिम चरणमा पुगेको र अन्य बाँकी भवनको भुइतलाको स्ल्याव ढलानको लागि कार्य भैरहेको तथा कम्पाउण्डवालको निर्माण कार्य भैरहेको अवस्था छ ।

## अन्तरक्रिया कार्यक्रम



नेपाली सेना उत्तर पश्चिम पृतना हेडक्वाटर सुर्खेत अन्तर्गतका वाहिनी, गण तथा गुल्मका लेखा अधिकृत तथा लेखापालहरूलाई कोषवाट संचयकर्ताका लागि प्रवाह गरिने सेवा सुविधा तथा योगदानमा आधारित निवृत्तभरण योजना सम्वन्धमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

पृतना हेडक्वाटर सुर्खेतमा आयोजित सो कार्यक्रममा कोषका शाखा प्रमुख श्री अर्जुन निरौलाले प्रस्तुतीकरण गर्नुभएको थियो भने सहायक प्रवन्धक श्री ऋषिराम वुढाले सहजीकरण गर्नु भएको थियो । प्रत्यक्ष तथा जुम लिंकवाट समेत सहभागी हुनेहरूले कार्यक्रम प्रभावकारी भएको बताउनु भएको थियो ।

शाखा कार्यालय
विराटनगर



शाखा कार्यालय विराटनगरले नेपाल प्रहरीको प्रदेश नं. १ विराटनगरस्थित तालिम केन्द्रमा तालिमरत कर्मचारीको Onsite KYC Update गर्नुका साथै कोषले प्रदान गरेका सेवासुविधाको बारेमा जानकारी प्रदान गरेको छ ।



# शाखा कार्यालय जनकपुर

## सरसफाई तथा खेलकुद कार्यक्रम

कोषको वार्षिकोत्सवको उपलक्ष्यमा शाखा कार्यालय जनकपुरमा सरसफाई तथा खेलकुद कार्यक्रम आयोजना गरियो ।

कार्यालय भवन निर्माण गर्ने उद्देश्यले हालै मात्र खरिद गरेको जनकपुर नगरपालिका वडा नं.१२ स्थित साविक कृषि विकास वैंकले चर्चेका जग्गामा सरसफाईको कार्य सम्पन्न गरियो । साथै शाखामा कार्यरत कर्मचारीहरूबीच व्याडमिण्टन प्रतियोगिता सम्पन्न गरिएको थियो । शाखा कार्यालय जनकपुरका प्रमुख श्री ध्रुव प्रसाद पन्तको उपस्थितिमा भएको उक्त कार्यक्रममा शाखा कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

## जग्गाको स्वामित्व प्राप्त

कर्मचारी सञ्चय कोष शाखा कार्यालय जनकपुरले प्रदेश नं.२, जनकपुरधाममा कोषको कार्यालय भवन निर्माणार्थ जनकपुर उप-महानगरपालिका वडा नं. १२ स्थित साविकमा कृषि विकास वैंकको नाममा दर्ता कायम रहेको कित्ता नं. ३६, को ०-८ -६-१ (आठ कठ्ठा ६ धुर एक कन्वा) क्षेत्रफलको जग्गा कोषले खरिद गरेको छ । खरिद गरिएको उक्त जग्गाको स्वमित्व २०७७ साल आश्विन ६ गते कोषले प्राप्त गरेको हो ।

उक्त जग्गामा शाखा कार्यालयको लागि भवन निर्माण प्रक्रिया प्रारम्भ गर्न पत्राचार गरिसकिएको शाखा कार्यालयका प्रमुख ध्रुव प्रसाद पन्तले जानकारी दिनु भएकृ छ ।

## नोवेल कोरोना भाईरस परीक्षण

शाखा कार्यालय जनकपुरमा कार्यरत सम्पूर्ण कर्मचारीहरूमा कोविड -१९, परीक्षणको कार्य सम्पन्न गरिएको छ । विश्वव्यापी रूपमा फैलिएको नोवेल कोरोना भाइरस (कोविड -१९)को संक्रमणबाट यस कार्यलयमा कार्यरत कर्मचारीमा समेत देखिएको कारण विगतमा वाह्य सेवा केही समयको लागि प्रभावित भएको थियो । जसका कारण उत्पन्न असहज परिस्थितिलाई न्यूनीकरण गर्दै सञ्चयकर्ताहरूलाई सरल तथा सहज तवरले कोषवाट प्रदान गर्ने सेवाहरू प्रवाह गर्ने उदेश्यले कार्यरत सवै कर्मचारीहरूको एक्रच परीक्षण गरिएको हो । २०७७ भाद्र २८ गते यस शाखा कार्यालयमा कार्यरत १८ जना कर्मचारीको स्वाव संकलन गरी परीक्षणको पठाईको थियो ।

## कर्मचारी अन्तरक्रिया कार्यक्रम सम्पन्न

कर्मचारी सञ्चय कोष शाखा कार्यालय जनकपुरले पौष ३ र ४ गते शाखा कार्यालयमा कार्यरत कर्मचारीहरू वीच अन्तरकिया कार्यक्रम सम्पन्न गरेको छ । सह प्रशासक श्री ओमकृष्ण श्रेष्ठको प्रमुख आतिथ्य तथा मुख्य प्रबन्धक श्री भरतराज वस्तिको आतिथ्यमा सम्पन्न कार्यक्रममा शाखामा कार्यरत सम्पूर्ण कर्मचारीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा सह-प्रशासक श्रेष्ठ हार्डवर्कबाट स्किलवर्कमा रूपान्तरण नै आजको आवश्यकता भएकोले सबै कर्मचारीले आ-आफ्नो कार्यशैलीमा परिवर्तन गर्नुपर्ने अवस्था आएको बताउनु भयो ।

## सञ्चयकर्ता अन्तरक्रिया

शाखा कार्यालय जनकपुरको आयोजनमा पौष १७ र १८ गते श्री श्रीनाथ गण महेन्द्रनगर धनुषामा अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

Online सापटी , Connect IPS ,CGASलगायतका बिषयमा भएको अन्तरक्रिया कार्यक्रममा १०३ जनाको सहभागिता रहेको थियो ।

सहायक प्रबन्धक श्री गौरि शंकर मल्लिकले कोषको तर्फवाट कार्यक्रम सञ्चालन गर्नुभएको थियो भने सहभागीहरूले Online सापटी , Connect IPS , KYC को सम्बन्धमा जिज्ञासा राखेका थिए ।

## शाखा कार्यालय धनगढी

# विविध कार्यक्रम सम्पन्न

## वेबिनार सम्पन्न



शाखा कार्यालय धनगढीले कोष कट्टी फाँटवारीको वेब अपलोड र निवृत्तभरणको वेब इन्ट्री सम्बन्धमा बेविनार सञ्चालन गरेको छ । मिति २०७७ पुष २ गतेका दिन सम्पन्न वेबिनारमा सुदुरपश्चिम प्रदेशका विभिन्न गाउँपालिका र नगरपालिकाका २४ जना लेखा प्रमुखहरूको सहभागिता रहेको थियो । भिडियो कन्फ्रेन्सिङ्ग एप्लिकेशन जुम मार्फत सञ्चालन भएको कार्यक्रममा का.मु.सहायक प्रबन्धक टेक बहादुर के.सी. र सहायक मनिषकुमार कर्णले जानकारी प्रस्तुत गर्नुभएको थियो भने कार्यालय प्रमुख सुवास खड्काले सहभागीहरूले राख्नु भएका जिज्ञासाहरूको उत्तर दिनुभएको थियो ।

## कार्यालय भवन निर्माणका लागि जग्गा खरिद

शाखा कार्यालय धनगढीले कार्यालय भवन निर्माणको लागि जग्गा खरिद गरेको छ । कृषि विकास बैंकको स्वामित्वमा रहेको ०-१०-०-० क्षेत्रफलको जग्गा २०७७ मंसिर १७ गते खरिद गरिएको हो ।

कोषद्वारा 'जग्गा तथा भवन खरिद विक्री कार्यविधि, २०७५' अनुरूप शाखा कार्यालयको लागि जग्गा खरिद गर्ने निर्णय गरी सम्बन्धित बैंकमा प्रस्ताव पठाइएको थियो । २०७७ असार २९ गते बसेको मन्त्रिपरिषद्को बैठकले स्वीकृति दिएको थियो ।

कर्मचारी सञ्चय कोष ऐन २०१९ मा 'कोषसँग गरिने कुनै किसिमको कारोबारको लिखतमा कोषलाई रजिष्ट्रेशन दस्तुर नलाग्ने' भन्ने व्यवस्था भएकोले सुदूरपश्चिम प्रदेशको मन्त्रिपरिषद् र धनगढी उपमहानगरपालिकाको कार्यपालिका बैठकबाट निर्णय गराई रजिष्ट्रेशन दस्तुर छुट सहित जग्गा पास गरिएको थियो ।



## अन्तरक्रिया सम्पन्न

कोषले सञ्चयकर्ताले लिएका सबै किसिमका कर्जा/सापटीको साँवा तथा ब्याजको भुक्तानी Connect IPS मार्फत गर्न सक्ने व्यवस्थाको सुरूआत गरेको सन्दर्भमा शाखा कार्यालय धनगढीले सुदुरपश्चिम प्रदेश अन्तर्गत माछापुछ्रे बैंकका शाखा प्रबन्धकहरूसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । मिति २०७७ मंसिर १५ गते आयोजना भएको कार्यक्रममा Connect IPS र Bank Central मार्फत कोषका सापटीहरू बैंक दाखिला गर्दा अपनाउनु पर्ने प्रक्रिया र रूजु गर्न आवश्यक पर्ने कागजातका सम्बन्धमा सहभागीहरूलाई जानकारी प्रदान गरिएको थियो ।

पछिल्लो समयमा यस प्रदेशबाट हुने सबै प्रकारका सापटीहरूको सावाँ तथा ब्याजको भुक्तानी Connect IPS र Bank Central मार्फत मात्रै हुनुलाई यस कार्यक्रमको उपलब्धिको रूपमा लिइएको छ ।

## वेब इन्ट्री सम्बन्धी जानकारी प्रदान

२०७७ पौष १७ गते शाखा कार्यालय धनगढीले वेब डाटा इन्ट्री र योगदानमा आधारित निवृत्तभरण इन्ट्रि सम्बन्धमा भर्चुअल अन्तरक्रिया सम्पन्न गरेको छ । कोषका सहायक मनिषकुमार कर्णले सञ्चालन गर्नु भएको कार्यक्रममा सुदुरपश्चिम प्रदेशका २१ वटा स्थानीय निकायमा कार्यरत लेखा अधिकृत तथा लेखापालहरूको सहभागिता रहेको थियो ।जुम मिटिङ्गमार्फत कार्यक्रम सञ्चालन भएको थियो । सोही कार्यक्रममा सञ्चय कोषले लागू गरेका नवीनतम् सेवा तथा सुविधाहरूका सम्बन्धमा उठेका विभिन्न जिज्ञासाहरूको समेत सम्बोधन गरिएको थियो ।यसबाट स्थानीय निकायहरूले कोषमा पठाउने डाटाहरूको शुद्धतामा अभिवृद्धिका साथै लेखांकनमा शीघ्रता आउने अपेक्षा गरिएको छ ।

**• शाखा कार्यालय पोखरा**

# छलफल तथा अन्तरक्रिया



जिल्ला प्रशासन कार्यालय र को.ले.नि.का. बाग्लुङ् र पर्वतको समन्वयमा बाग्लुङ् र पर्वत जिल्लामा कार्तिक १७ र १८ गते छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

बाग्लुङ्स्थित कार्यालयका लेखासम्बद्ध कर्मचारीहरूलाई कर्मचारी सञ्चय कोषबाट विशेष सापटी online मार्फत आवेदन दिने प्रक्रिया, कोषबाट लिइएका विभिन्न सापटी तथा ऋणको किस्ता Connect IPS मार्फत तिर्ने प्रक्रिया, बैंकमार्फत बुझाउँदा ध्यान दिन पर्ने विषय, सञ्चय कोष रकम जम्मा गर्ने बैंक खाता, योगदानमा आधारित निवृत्तभरणको लागि योगदान रकम जम्मा गर्ने तरिका तथा प्रक्रियाको बारेमा जानकारी प्रदान गरियो । UCIN/KYC नम्बर प्राप्त गर्ने तरिका, पासवर्ड बिर्सिएमा कसरी नयाँ प्राप्त गर्ने भन्ने प्रक्रिया लगायत, ɪndividual KYC, Office KYC भर्दा ध्यान दिनु पर्ने कुराहरू, कोषको KYC भर्दा आफ्नो सम्पूर्ण डाटा राम्रो सँग एकिन गरी भर्नु पर्ने बिषय, online प्रणालीमार्फत सापटी लिंदा र तिर्दा आउन सक्ने वा देखिने विभिन्न समस्याको बारेमा छलफलका साथ अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

त्यसैगरी पौष २७ गते नेपाली सेना पश्चिम पृतना हेडक्वाटर विजयपुर कास्कीको समन्वयमा सो पृतना अन्तर्गतका युनिटका लेखा प्रमुखहरूसँग अन्तर्क्रिया भयो । कोषबाट अनलाइन सापटी लिने, तिर्ने, KYC अद्यावधिक गर्ने लगायत कोषले सञ्चालनमा ल्याएका प्रविधिहरूको विषयमा छलफल सम्पन्न भएको थियो ।

**• धनकुटा सेवा केन्द्र**

# विविध विषयमा जानकारी प्रदान

धनकुटा सेवा केन्द्रले आफ्ना सञ्चयकर्तालाई विविध विषयमा जानकारी प्रदान गर्दै आइरहेको छ ।

Covid–19 महामारीबाट सिर्जित विषम् परिस्थितिमा समेत आवश्यक भौतिक दुरी तथा सुरक्षासम्बन्धी आवश्यक मापदण्ड पालना गर्दै KYC अपडेट कार्यलाई जारी राखिएको छ भने KYC मा भएका त्रुटीयुक्त डाटाहरूलाई सच्याउन संचयकर्ताहरूलाई सम्पर्क गरी डाटा शुद्धीकरण कार्य गरिएको छ । त्यस्तै कोषको कार्यालयमा आउनु हुने विभिन्न कार्यालयका प्रमुख एवम् प्रतिनिधि सञ्चयकर्ताहरूलाई व्यक्तिगत र अफिस KYC अपडेट गर्नाको कारण, प्रक्रिया र यसबाट प्राप्त हुने सहजताका बारेमा प्रशिक्षण दिने गरिएको छ ।

आ व २०७७/७८ को पुष मसान्त सम्म १०५० जनाको पथअ अपडेट गरिएको छ । साथै व्यक्तिगत KYC को महत्व र आवश्यकता सम्बन्धमा सञ्चयकर्ताहरूलाई प्रत्यक्ष सम्पर्क, इमेल तथा फोनको माध्यमबाट निरन्तर सूसुचित गराउँदै लगिएको छ । त्यसैगरी Office Kyc को सन्दर्भमा धनकुटा जिल्लामा रहेका सरकारी एवं गैरसरकारी संस्थाका लेखापालहरूसँग सो सम्बन्धमा अन्तरक्रिया गरिएको छ ।

सुरक्षासम्बन्धी आवश्यक मापदण्ड पालना गर्दै फाँटवारी वेव अपलोडसम्बन्धी प्रशिक्षण कार्य जारी राखिएको छ भने धनकुटा, संखुवासभा, भोजपुर, तेह्रथुम तथा ताप्लेजुङस्थित विभिन्न कार्यालयका लेखाका कर्मचारीहरूलाई टेलिफोन तथा इमेलमार्फत् फाँटवारी अपलोडसम्बन्धी विविध समस्या समाधानका लागि आवश्यक जानकारी आदान प्रदान गर्ने गरिएको छ ।

यस्तै, मिति २०७७ असौज २४ मा यस सेवा केन्द्रका प्रमुख डिल्लीप्रसाद अधिकारीमार्फत् कोषको सेवा सुविधा, कोषको इतिहास, कोषको आधुनिकीकरण, Offline/Online सेवा, फाँटवारी अपलोड, Kyc बारेमा रेडियो नेपाल, धनकुटाबाट प्रसारित हुने नालीबेली कार्यक्रममार्फत् सन्देशमूलक रेडियो कुराकानी कार्यक्रम सम्पन्न भयो ।

कर्मचारीको कार्य दक्षता अभिवृद्धिको लागि लक्ष्य अनुरुप Knowledge Sharing लाई




निरन्तरता दिदै कर्मचारी कर्मचारी बीचमा Accounting, Collection, Data Entry, खाता एकीकरण तथा अभिलेख व्यवस्थापन सम्बन्धमा Knowledge Sharing कार्य गरियो ।

## • फोटो फिचर : वार्षिकोत्सव विशेष




























सम्पादन तथा प्रकाशन :
**योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग, कर्मचारी सञ्चय कोष, पुल्चोक, ललितपुर ।**
website : www.epfnepal.com.np, email: enewsletter@epfnepal.com.np

विशेष धन्यवादः राजेन्द्र विक्रम के सी